# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
# सेवा आयोगको

बिज्ञापन सूचना नम्बर ३/०७४-०७५
आन्तरिक प्रतियोगिता (प्रशासनिक पदहरु)
प्रकाशित मिति २०७४ /०७/१०

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तरगत अप्राविधिक (प्रशासनिक) सेवा तर्फका विभिन्न समूहहरुमा रिक्त निम्न लिखित पदहरुमा आन्तरिक प्रतियोगिता द्धारा बढुवा गरी स्थायी पदपूर्ति गर्नको निमित प्रतिष्ठानको सेवा समूहमा सहायक तहको हकमा ३ बर्ष र अधिकृत तहको हकमा ४ बर्ष स्थायी सेवा अवधि पुरा गरी योग्यता पुगेका एक तह मुनिका उम्मेद्धवारहरुले मिति २०७४ /०७/३० गते सम्म र नियमानुसार दोब्बर दस्तुर तिरी मिती २०७४ /८/०७ को कार्यालय समय भित्र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान सेवा आयोगको कार्यालय लगनखेल ललितपुरमा आई पुग्ने गरी दरखास्त आव्हान गरिन्छ । आवेदन फारम र पाठ्यक्रम प्रतिष्ठानको वेभसाईट www.pahs.edu.np/service commission बाट डाउनलोड गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन । आवेदन पत्र साथ लिखित परिक्षा दस्तुर लक्ष्मी बैक लि. लगनखेल शाखामा प्रतिष्ठानको खाता नम्बर ००१८१०४००००४५५ मा जम्मा गरेको सक्कल बैक भौचर र निम्न लिखित कागजातहरुको १/१ प्रति प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

१) विज्ञापित पद/तह संग सम्बन्धित प्रवेशिका देखि माथिका शैक्षिक योग्यता लब्धाङ्क पत्र र प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु
२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३) अनुभव / तालिमको प्रमाण-पत्र
४) हाल सालै खिचिएको फोटो ३ प्रति
५) प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ बर्ष र सहायक तहको हकमा ३ बर्ष स्थायी सेवा अवधि पुगेको भनी सम्बन्धित प्रमुखले गरेको सिफारिश सहितको पत्र ।
६) लिखित परिक्षा लोक सेवा आयोगले लिनेछ । लिखित परिक्षा हुने मिति र परिक्षा केन्द्रको बारेमा विस्तुत जानकारी सम्पर्क मिति तय सेवा आयोगको वेवसाइट www.pahs.edu.np/service commission मा हेर्न र पढन सकिने छ ।

| क्र.सं | वि.नं. | पद नाम | समूह | तह | माग संख्या | परीक्षा दस्तुर | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|
| १. | २६/०७४-७५ | प्रशासन सहायक | प्रशासन | २ | १ | ६०० | मान्यताप्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. उत्तिर्ण गरेको हुनुपर्नेछ । |
| २. | २७/०७४-७५ | सहायक ओ.पी.डी. | ओ.पी.डी. | ३ | १ | ८०० | मान्यताप्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. उत्तिर्ण गरेको हुनुपर्नेछ । |
| ३. | २८/०७४-७५ | ओ.पी.डी. सहायक | ओ.पी.डी. | ५ | १ | १००० | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह, +२ वा सो सरह उर्तिण गरेको हुनुपर्नेछ । |
| ४. | २९/०७४-७५ | अफिस सेक्रटरी | सामान्य | ५ | १ | १००० | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा +२ उर्तिण गरेको हुनुपर्नेछ । |
| ५. | ३०/०७४-७५ | प्रशासन सहायक | प्रशासन | ५ | १ | १००० | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह +२ वा सो सरह उर्तिण गरेको हुनुपर्नेछ । |
| ६. | ३१/०७४-७५ | लेखा अधिकृत | लेखा | ७ | १ | १४०० | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन बिषयमा स्नातक तह उर्तिण गरेको हुनुपर्नेछ । |